# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-८ सङ्ख्या-२ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/०९/२८


## भाग-२

**सुनकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालयको सूचना**

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### खेलकूद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१

**प्रस्तावना**

सुनकोशी गाउँपालिका क्षेत्रभित्र रहेका युवाहरुको खेल क्षेत्रका विभिन्न विधामा क्षमता विकास गरी युवाहरुलाई खेलकूदको माध्यमबाट उद्यमी, स्वरोजगार बनाई खेलकूद विकास बिस्तारमा सहभागी गराउन तथा अनुशासन, विकास र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकूद क्षेत्रलाई स्वस्थ, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हारजीतलाई सहज रुपमा लिने परीपाटीको विकास गर्दै आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय अन्तराष्ट्रिय जगतमा देशको पहिचान गराउन गर्न वाञ्छनीय भएकोले,

सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा(१) को अधिनमा रही यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार, प्रारम्भः** (१) यस कार्यविधिको नाम " **खेलकूद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१**" रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "खेलकूद" भन्नाले सुनकोशी भित्र शारिरीक, मानसिक तथा सामाजिक तवरले स्वस्थ बनाउनको लागि आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकूद समेतलाई सम्झनु पर्छ ।

ख) "खेलाडी" भन्नाले बिभिन्न विधाका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडिलाई सम्झनु पर्नेछ ।

ग) "खेलकूद समिति" भन्नाले यो कार्यविधि बमोजिम गठित सुनकोशी गाउँपालिका खेलकूद विकास समितिलाई सम्झनु पर्छ ।

घ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने नगद, जिन्सी तथा अन्य उपहार, सम्मान, पुरस्कारलाई बुझ्नु पर्नेछ ।

ङ) "युवा" भन्नाले १८ वर्ष देखि ४० वर्ष उमेर समूहका युवाहरुलाई सम्झनु पर्दछ ।

च) "गाउँपालिका" भन्नाले सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई बुझ्नु पर्नेछ।

## परिच्छेद-२

## सुनकोशी गाउँपालिकाको खेलकूद विकास समितिको गठन, काम, कर्तव्य र अधिकार

**३. खेलकूद विकास समितिको गठनः** (१) दहाय बमोजिम सुनकोशी गाउँपालिकाको खेलकूद विकास समितिको गठन हुनेछ :-

क. अध्यक्ष - गाउँपालिका अध्यक्षले तोकेको खेलकूद सम्बन्धी विज्ञ १ जना

ख. उपाध्यक्ष - गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति १ जना

ग. सदस्य - सुनकोशी गाउँपालिकाका प्रहरी कार्यालयका प्रतिनिधि १ जना

घ. सदस्य - खेलकूदका विभिन्न विधाबाट सामुदायिक विद्यालय/दर्ता भएका खेल संस्था तथा क्लवहरु मध्येबाट प्रतिनिधि - ७ जना

ङ. सदस्य सचिव- शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख

(२) समितिको ११ सदस्य मध्ये मनोनित सदस्यहरुमा ३३ प्रतिशत अनिवार्य रुपमा महिला सहभागीता रहनेछ।

(३) खेलकूदका विधाहरुबाट चयन हुने समितिका सदस्यहरु सम्बन्धित निकाय, क्लब वा संस्थाबाट सिफारिस गरिएको हुनु पर्दछ ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार अन्य विज्ञ तथा व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ।

(५) समितिको अध्यक्ष तथा सदस्यहरुको सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**४. खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकारः** (१) खेलकूद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकूद सञ्चालन गर्ने,

ख) विभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ग) अन्य गाउँपालिका वा गाउँपालिकाले आयोजना गरेका खेलकूद कार्यक्रममा आमन्त्रण गरिएमा सुनकोशी क्षेत्र भित्रका खेलाडी टिम वा क्लवलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी क्षेत्रलाई समेत खेलकूदमा सहभागी र साझेदार बनाउने,

ङ) सुनकोशीको संयोजनमा विभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागू गर्ने,

च) खेलकूदको विकासका लागि सङ्घीय सरकार, प्रदेश सरकार र अन्तर स्थानीय सरकारसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

छ) गाउँपालिकाको परामर्शमा वार्षिक योजना बनाई पेश गर्ने,

ज) सुनकोशीलाई खेलकूदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

झ) खेलकूद विकासका लागि योजना बनाई गाउँपालिकाको स्वीकृतिमा खेलकूद कार्यक्रम सञ्चालन गर्ने,

ञ) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने,

ट) ७ देखि ११ जना सदस्य रहने गरी विषयगत गाउँपालिका खेलकूद विकास समिति गठन गर्न सक्ने,

ठ) ७ देखि ९ जना सदस्य रहने गरी वडा स्तरीय खेलकूद समिति गठन गर्न सक्ने,

ड) खेलकूदका कार्यक्रमहरुमा दोहोरोपन अउन नदिनको लागि कार्य गर्ने,

ण) खेलमैदान तथा खेलक्षेत्र संरक्षण तथा निर्माण सम्बन्धी कार्य योजना बनाई पेश गर्ने,

त) बाल विकास समूह, जेष्ठ नागरिकलाई समेत खेलको माध्यमबाट स्वस्थ तथा तन्दुरुस्त गराउने कार्यहरु गर्ने,

थ) खेलकूद व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने,

(२) खेलकूद समितिले आफ्ना छुट्टै कोषको व्यवस्था गरी सञ्चालन गर्न पाउने छ ।

**५. खेलकूद विकास समितिको कार्यकालः** (१) खेलकूद समितिको कार्यकाल ५ वर्षको हुनेछ । गाउँ कार्यपालिकाले उचित ठानेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ । तर दफा ४(१) बमोजिमको समितिमा जनप्रतिनिधिहरु तोकिएको भए निजको पदावधि समाप्त भएमा समितिमा पनि स्वतः पदावधी समाप्त हुनेछ ।

**६. प्रतिवेदन पेश गर्नेः** (१) सम्पन्न भई सकेका खेलकूद हुन बाँकी खेलकूद तथा खेलकूद सम्बन्धी योजनाहरुको प्रतिवेदन गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) प्रतिवेदनमा आएका विषयहरुलाई गाउँपालिकाले विद्युतीय माध्यमबाट सार्वजनिक गर्नेछ ।

**७. खेलकूदको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनः** (१) समग्र विधाको खेलकूदको संरक्षण, सम्बर्धन, प्रवर्धन र विकास गर्ने दायित्व गाउँपालिकाको हुनेछ।

(२) खेलकूद सम्बन्धी सम्पूर्ण काम र गतिविधि गरिने कार्य यसै कार्यविधि बमोजिम गठित समितिले गर्नेछ । सो कार्यका लागि गाउँपालिकाले अवश्यक बजेट व्यवस्थापन गर्नेछ ।

**८. खेलकूद विकास संरक्षण समितिः** (१) खेलकूदको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछः-

| | |
|---|---|
| क) संरक्षक- गाउँपालिका अध्यक्ष | एक जना |
| ख) सदस्य- सामाजिक विकास समितिको संयोजक | एक जना |
| ग) सदस्य- कार्यपालिका सदस्यहरु मध्येबाट २ जना मध्ये १ जना महिलासहित | दुई जना |
| घ) सदस्य- गाउँ प्रहरी प्रमुख | एक जना |
| च) सदस्य- गाउँ कार्यपालिकाले तोकेको खेलकूद क्षेत्रमा योगदान पुऱ्याएका विशिष्ट व्यक्ति | एक जना |
| छ) सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत | एक जना |

(२) खेलकूद विकास संरक्षण समितिले खेलकूद विकास समितिलाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशनलाई पालना गर्नु खेलकूद विकास समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद-३

## आचारसंहिता

**९. आचारसंहिताः** (१) खेल सम्बन्धी विषयका खेलाडी समिति अध्यक्ष तथा सदस्य, कर्मचारी, गाउँ कार्यपालिका र सभासदले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ ।

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागू औषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर प्रशिक्षण कक्षा सञ्चालन गर्न दर्ता नभएका टिमलाई सामेल गराउन सकिनेछ ।

घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ । साथै खेलमा सहभागी समेत गराइने छैन ।

ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहिँ कतै बेच्ने धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लब विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफि गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार ब्यक्तिको अधिनमा राख्न पाइने छैन । तर संरक्षण गर्न वाधा पर्नेछैन ।

छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन।

ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रर्शदन गर्न पाउनेछन् तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इङ्कित गरी कार्टून, चित्रकारीता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाईने छैन ।

झ) खेलको प्रतिस्पर्धाका निम्ति गाउँपालिकाको स्वीकृति र इजाजतबिना आफ्नो टिमको नाममा जबरजस्त चन्दा उठाउन पाइने छैन ।

ञ) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाएको चन्दा संस्थाको अम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सुचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

**१०. सौजन्यता:** दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । तर गाउँपालिकाले स्वीकृति नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यताबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-४

## दर्ता, नवीकरण र विघटन

**११. दर्ता, नवीकरण र विघटनः (१)** गाउँपालिका भित्र गठित कुनै पनि संघ संस्था वा क्लव वा खेलकूदसँग सम्बन्धित संस्था गाउँपालिकामा दर्ता गर्नु पर्नेछ । खेलकूदसँग सम्बन्धित दर्ता नभएका संस्था वा क्लव सञ्चालन गर्न गाउँपालिकाले स्वीकृति दिने छैन ।

(२) संस्था दर्ता र विधान स्वीकृतिको लागि अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) संस्था दर्ता र विधान स्वीकृतिको लागि निवेदन पर्न अएमा गाउँपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारिले दस्तखत गरी नवीकरण गर्नुपर्नेछ ।

(४) पहिले नै दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सूचिकृतको लागि अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

(५) सूचीकृत भएका संस्थाहरुलाई अनुसूची-४ बमोजिम प्रमाणपत्र दिईनेछ । सोही प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सहि गरी नवीकरण गर्नुपर्नेछ ।

(६) प्रत्येक वर्षको श्रावण मसान्तभित्र सबै दर्तावाला वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

(७) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शूल्क स्वीकृत आर्थिक ऐन बमोजिम हुनेछ।

**<u>१२. जरिवाना:</u>** दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा गाउँपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ ।

<u>१३. नवीकरण:</u> पाँच वर्ष भन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिहरुको अर्कै संस्था दर्ता गरिने छैन । समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ ।

**<u>१५. संस्थाको विघटन:</u>** दर्ता भएको खेलकूदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्ने छन:-

क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

ख) लगातार ५ वर्ष सम्म संस्था नवीकरण नगरेमा,

ग) संस्थाका पदाधिकारी निष्क्रिय भएमा वा वेपत्ता भएमा,

घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत-विक्षत भएमा ।

**<u>१६. विघटित संस्थापक सम्पत्ति:</u>** विघटित भएको संस्थाको सम्पत्ति गाउँपालिकाका मातहतमा रहनेछन।

**<u>१७. खारेजी र बचाउ:</u>** यस अघि प्रचलित खेलकूद सम्बन्धित निर्णय र नीति नियमहरु खारेज हुनेछ। यस अघि भएका खेलकूदका गतिविधिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची-१

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**संस्था दर्ता निवेदन ढाँचा**

मितिः............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनकोशी गाउँपालिका, मुलखर्क, ओखलढुङ्गा।

**विषयः संस्था दर्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा, म/हामीले तपसिलमा उल्लिखित विवरण अनुसारको खेलकूद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले दुई प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार संस्था दर्ता गरिदिनु हुन सादर अनुरोध छ ।

**संस्थाको नामः**.....................................................

**संस्थाको कार्यालय रहने स्थानः** ................................

टोलको नामः........................................................

| **सचिव** | **अध्यक्ष** |
|---|---|
| नामः...................................... | नामः...................................... |
| मितिः.................................... | मितिः.................................... |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः-**

क) संस्थाको विधानको मस्यौदा,

ख) आवेदन र समितिका पदाधिकारीहरुको नेपाली नागिरकताको प्रतिलिपी,

ग) संस्थाको छापको नमूना

अनुसूची -२

(दफा ११ को उपदफा '३' सँग सम्बन्धित)

**संस्था दर्ता प्रमाण-पत्र**

# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
## मुलखर्क, ओखलढुङ्गा, कोशी प्रदेश, नेपाल

# संस्था दर्ता प्रमाण पत्र

संस्था दर्ता नं.: ..................

देहाय विवरण भएको संस्थालाई सुनकोशी गाउँपालिकाको **खेलकूद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१ को दफा ११(२) बमोजिम** संस्था दर्ता गरी विधान सहित प्रमाण-पत्र प्रदान गरिएको छ । सुनकोशी गाउँपालिका खेलकूद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१ को अधिनमा रही खेलकूद सम्बन्धी गतिविधिहरु गर्ने अनुमति दिइएको छ ।

संस्थाको नामः.................................................

ठेगानाः...........................................................

दर्ता हुँदाको समयमा रहनु भएको अध्यक्षको नामः

.........................................................

दर्ता गर्ने अधिकृतकोः

दस्तखतः-

नामः

पदः

मितिः

**अनुसूची -३**

**(दफा ११ को उपदफा '४' सँग सम्बन्धित)**

सूचीकृत निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

गाउँ कार्यपालिकाको कार्यालय,
सुनकोशी गाउँपालिका, मुलखर्क, ओखलढुङ्गा।

**विषयः संस्था सूचीकृत गरिदिनु हुन ।**

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नुपर्ने भएकोले नियम अनुसार गराइदिनु हुन अनुरोध गर्दछौं ।

**<u>संलग्न कागजातहरुः-</u>**

क) दर्ता प्रमाण-पत्र
ख) संस्थाको विधान
ग) गत आ.व. को लेखा परीक्षण प्रतिवेदन
घ) कर चुक्ता प्रमाणपत्र
ङ) समितिको निर्णय

| **सचिव** | **अध्यक्ष** |
| --- | --- |
| नामः.......................................... | नामः.......................................... |
| हस्ताक्षरः.................................... | हस्ताक्षरः...................................... |
| मितिः....................................... | मितिः......................................... |

अनुसूची -४

(दफा ११ को उपदफा '५' सँग सम्बन्धित)

# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
## मुलखर्क, ओखलढुङ्गा, कोशी प्रदेश, नेपाल

# संस्था सूचीकृत प्रमाण-पत्र

संस्था दर्ता/सूचिकृत नं.: ..................

देहाय विवरण भएको संस्थालाई सुनकोशी गाउँपालिकाको **खेलकूद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१ को दफा ११(५) बमोजिम** संस्था सूचिकृत गरी प्रमाण-पत्र प्रदान गरिएको छ । सुनकोशी गाउँपालिका खेलकूद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१ को अधिनमा रही खेलकूद सम्बन्धी गतिविधिहरु गर्ने अनुमति दिइएको छ ।

संस्थाको नामः..................................................

ठेगानाः............................................................

सूचीकृत हुँदाको समयमा रहनु भएको अध्यक्षको नामः ........................................................

दर्ता गर्ने अधिकृतकोः

दस्तखतः-

नामः

पदः

मितिः

अनुसूची -५

(दफा ११ को उपदफा '६'सँग सम्बन्धित)

# नवीकरण निवेदन

मितिः............................................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

गाउँ कार्यपालिकाको कार्यालय,
सुनकोशी गाउँपालिका, मुलखर्क, ओखलढुङ्गा।

**विषयः संस्था नवीकरण गरी पाउँ ।**

सुनकोशी गाउँपालिका वडा नं.......... स्थित ......................................नामक संस्था यस गाउँपालिकामा दर्ता/सूचीकृत भई खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गरी रहेको हुँदा तपसिल बमोजिमका कागज पत्र संलग्न राखी नवीकरण गरी पाउँ भनी निवेदन गर्न आएको छु/छौं ।

आर्थिक वर्ष......................को संस्था नवीकरण भएको प्रमाणपत्र साथ आवेदन गरेको छ।

**<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः-</u>**

क. आर्थिक वर्ष.............को लेखापरीक्षण प्रतिवेदन,
ख. संस्थाको वार्षिक गतिविधि, भावी योजना र बजेट ।

...............................................
निवेदक

## संस्था नवीकरणको विवरण

| क्र.स. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकृतको सही | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणीकरण मितिः २०८१/०९/२८

आज्ञाले,
राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत